एमाले उमेदवार बर्तौलाको यस्ता छन् २० अठोट। पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय: थाहा नगरपालिका-४ मकवानपुर
सम्पर्क नं. ९८०७५५३३००
इमेल: bikaskhabar@gmail.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-१५ ● २०७९ मंसिर ०५ गते सोमबार, ● 21 Nov. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मकवानपुरमा ३ लाख ७ सय ३३ मतदाता

◆ विकास संवाददाता

मकवानपुर जिल्लामा दुई प्रतिनिधिसभा र चार प्रदेशसभा निर्वाचनमा कुल ३ लाख ७ सय ३३ मतदाता छन् ।

मकवानपुर क्षेत्र नम्बर-१ मा कुल मतदाता १ लाख ५० हजार १ सय ५५ जना छन् । जसमध्ये पुरूष मतदाता ७४ हजार ९ सय ३० छन् । जसमा महिला ७५ हजार २ सय २१ जना छन् भने अन्य ४ मतदाता छन् । उक्त क्षेत्रमा ६२ वटा मतदान स्थलमा १ सय ७२ वटा मतदानकेन्द्र छन् । उक्त क्षेत्रमा १४ वटा राजनीतिक दलका १४ जना उम्मेदवार र २ जना स्वतन्त्र गरी कुल १६ जना उम्मेदवार छन् । जसमा १ महिला र १५ जना पुरूष उम्मेदवार रहेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ ।

मकवानपुर क्षेत्र नम्बर-२ मा कुल मतदाता १ लाख ५० हजार ५ सय ७८ जना छन् । जसमध्ये पुरूष ७८ हजार ५ सय ९८ जना छन् । क्षेत्रमा महिला मतदाता ७१ हजार ९ सय ७९ जना छन् भने अन्य १ जना मतदाता छन् । क्षेत्रमा १ सय ५ वटा मतदानस्थलमा १ सय ९२ वटा मतदानकेन्द्र छन् । क्षेत्रमा ९ वटा राजनीतिक दलका ९ जना उम्मेदवार छन् भने स्वतन्त्र १ जना गरी कुल १० उम्मेदवारबीच प्रतिस्पर्धा रहेको निर्वाचन कार्यालयले जनाएको छ ।

मकवानपुर क्षेत्र नम्बर-१ को (क) मा ७७ हजार ९ सय ८९ मतदाता छन् । जसमा पुरूष ४० हजार १ सय ११ जना छन् । महिला ३७ हजार ८ सय ७७ जना छन् । अन्यमा १ जना छन् । मकवानपुर क्षेत्र नम्बर(१ को (ख) मा कुल मतदाता ७२ हजार १ सय ६६ जना छन् । जसमा पुरूष ३४ हजार ८ सय १९ जना छन् । महिला ३७ हजार ३ सय ४४ जना छन् । अन्यमा ३ जना छन् । क्षेत्र नम्बर(१ को प्रदेशसभा (क) मा पुरूष मतदाता बढी छन् । प्रदेश (ख) मा महिला मतदाता बढी छन् । मकवानपुर क्षेत्र नम्बर(२ को (क) मा कुल मतदाता ८३ हजार ९९ जना छन् । उक्त क्षेत्रमा पुरूष ४२ हजार ८ सय ४३ जना छन् । महिला ४० हजार २ सय ५५ जना छन् । अन्यमा १ जना छन् । क्षेत्र नम्बर(२ को (ख) मा कुल मतदाता ६७ हजार ४ सय ७९ जना छन् । यसमध्ये पुरूष ३५ हजार ७ सय ५५ जना छन् । महिला ३१ हजार ७ सय २४ जना छन् । क्षेत्र नम्बर-२ का दुवै प्रदेशसभा क्षेत्रमा पुरूष मतदाता बढी छन् ।

# दामन भ्यूटावर भाडामा दिने तयारी

विकास संवाददाता
थाहानगर

मकवानपुरको दामनमा रहेको दामन भ्युटावर तत्काल एक वर्षका लागि भाडामा दिने तयारी गरिएको छ । केन्द्रीय राजधानीलाई तराई जोड्ने सेतुका रूपमा त्रिभुवन राजपथ अन्तर्गत २२२३ मिटरको उचाईमा रहेको दामन भ्युटावरले नेपालकै पहिलो दृश्यावलोकन टावरको कीर्तिमान कायम गरेको छ । देशकै प्रमुख गन्तव्यमध्ये एक मकवानपुरको उत्तरी भेग पर्यटकीय क्षेत्रको रूपमा प्रख्यात छ ।



भ्युटावरमा रिसोर्टको पनि संरचना छ । यस टावरबाट पालुङ, दामन, बज्रबाराही र चित्लाङको फाँटमा फलेको ताजा तरकारीको हरियो फाँट, पूर्वमा सर्वोच्च शिखर सगरमाथा, पश्चिममा अन्नपूर्ण तथा धौलागिरिलगायत नेपालका उच्च ८ हिमशृंखलाको सहज दृश्यावलोकन गर्न सकिन्छ । अधिक गर्मीको बेला, तनावको बेला र बिदा मनाउन चिसो शान्त वातावरणको आनन्द लिन मानिसहरू त्यहाँ पुग्ने गर्दछन् । त्यहाँ स्थापित सुविधायुक्त भ्युटावर र पानोरमा रिसोर्ट लगायत होटल तथा लजले दशकौंदेखि स्वदेशी तथा विदेशी पर्यटकमा सेवा पुर्याउँदै आएका छन् ।

थाहा नगरपालिका राजस्व परामर्श समितिको बैठकले हाल यत्तिकै रहेको दामनस्थित भ्युटावरको विकासका लागि डीपीआर तयार गरी २५ वर्षका लागि भाडामा लिने स्वयम्ले डीपीआर अनुसारको संरचना बनाउने गरी भाडामा दिन टेण्डर आह्वान गर्ने निर्णय भएको समिति सदस्य सुरेन्द्रमान प्रधानले जानकारी दिए । प्रधानका अनुसार टावरमा लागि आधुनिक टेलिस्कोपसमेत जडान गरिएको छ । हाल कमजोर भौतिक पूर्वाधार रहेको र भएका संरचनाहरू समेत पुरानो भएका कारण भ्युटावरलाई नियमित सञ्चालन गर्न नसकेको जनाउँदै यसअघि भाडामा लिएको होटल प्रकाशले गत वर्षदेखि टेण्डर रद्ध गरिसकेको छ ।

हाल थाहा नगरपालिकाको स्वामित्वमा रहेको भ्युटावर यत्तिकै बन्द छ । यसअघि तत्कालीन जिल्ला विकास समिति मकवानपुर र सोभन्दा अगाडि पर्यटन मन्त्रालयको स्वामित्वमा थियो । २०६१ सालसम्म २ वटा टेलिस्कोप रहेकोमा एउटा नयाँ टेलिस्कोप तत्कालीन द्वन्द्वकालमा माओवादीले लगेको थियो भने एउटा हाल नयाँ राखिएको छ ।

देशभित्रका मात्र होइन, बाह्य पर्यटकको घुईंचो हुने उत्तरी क्षेत्रमा निर्माण गरिएका संरचनाहरू पर्याप्त भएकै अवस्थामा थप तीन वटा भ्युटावर निर्माण योजना अघि सारिएको छ । थाहा नगरपालिकामा ३ वटा भ्युटावर निर्माण हुने भएका छन् । संघीय, प्रदेश सरकार र स्थानीय तहको छुट्टाछुट्टै लगानीमा ३ वटा भ्युटावर निर्माण गरिने भएको हो । त्रिभुवन राजपथअन्तर्गत् थाहा नगरपालिका-४, दामनस्थित करिब ५० वर्षअघि नै भ्युटावर सञ्चालन भइरहेको अवस्थामा एउटै स्थानीय तहमा थप ३ वटा भ्युटावर सञ्चालनमा आउने भएको हो । थाहा नगर-४, नयाँगाउँस्थित भ्युटावर सहित पर्यटन पार्क, स्थानीय उत्पादन बिक्रीपार्क, पिकनिक स्पोट निर्माण सुरू गरिएको छ । करिब १ सय ५० रोपनी क्षेत्रफलमा ५ वर्षभित्र निर्माण सक्ने गरी ५ करोड ५० लाख लागत अनुमान गरिएको नगर प्रमुख विष्णु बिष्टले बताए । देशकै प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक भएकोले पर्यटकका लागि समय खर्चिने र भुलिने रणनीतिसाथ पार्कसहितको भ्युटावर निर्माणमा जोड दिइएको बिष्टको दाबी छ । नयाँगाउँमा बन्ने १८ मिटर लामो भ्युटावरबाट हिमालसँगै नजिकका क्षेत्र कुलेखानी, मार्खु, इन्द्रसरोवर र बज्रबाराही दृष्यालोकन गर्न सकिने मेयर बिष्टले जानकारी दिए । स्थानीय तहको पूर्ण लगानीमा निर्माण गर्न लागिएको उनको भनाइ छ ।

स्थानीय तहको लगानीमा भ्युटावर निर्माणाधीन अवस्थामै रहँदा संघीय सरकारले नयाँगाउँ नजिक करिब ५ किलोमिटर फरकमा भ्युप्वाइन्ट निर्माण गरेर सञ्चालनमा आइसकेको छ । संघीय सरकारको आर्थिक सहयोग र नगर पालिकाको समन्वयमा थाहानगर-४ स्थित दामनमा भ्यु प्वाइन्ट निर्माण गरिएको हो । ४ महिनामै निर्माण गरिएको भ्युप्वाइन्टका लागि ४२ लाख खर्चिएको छ । २३ सय मिटर अग्लो स्थानमा १ सय ५७ खुड्किला फलामे भऱ्याङ् निर्माण गरेर डाँडाको टापुलाई संरक्षण गर्दै भ्युप्वाइन्ट निर्माण गरिएको नगरपालिकाले जनाएको छ । ४२ लाख खर्चिएर भ्युप्वाइन्ट ४ महिनामा निर्माण सकाएको सरकारले टावरनजिक हालसम्म पक्की सडक निर्माण गर्न सकेको छैन ।

थाहानगर क्षेत्रभित्र प्रदेश सरकारले हिलस्टेशन निर्माण योजना अघि बढाइसकेको छ । थाहा नगरपालिका-९ स्थित चन्द्रागिरि डाँडामा करिब २२ सय मिटर अग्लो डाँडामा २० मिटरको हिलस्टेशन निर्माणको योजना बागमती प्रदेश सरकारले अघि सारेको हो । थाहा नगरको स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य र खानेपानीको समस्या कायम रहेको अवस्थामा भ्युटावरमै तीन वटै सरकारले लगानी गरिरहेका छन् । एउटै स्थानीय तहमा भ्युटावरमा तीन वटै सरकारले लगानी गरिरहँदा आधारभुत पूर्वाधार ओझेलमा परेका छन् । थाहा नगर प्रमुख बिष्टका अनुसार ९० प्रतिशत् घरपरिवार का लागि खानेपानी आपूर्ति गरिए पनि एकीकृत खानेपानीको अभाव कायम छ । यसका लागि योजना संचालन हुने उनको भनाइ छ ।

## किसानलाई मलको चिन्ता

◆ विकास संवाददाता

भीमफेदी गाउँपालिका-१ घर भएका जिवन पुडासैनी खेतमा ट्याक्टर लगाइरहेको भेटिन्छन् । उनी आलु लगाउने तयारीमा छन् । तर, पुडासैनीलाई डीएपी मल नपाएर आलु लगाउनै नपाइने हो कि भन्ने चिन्ताले पिरोलेको छ ।

अघिल्लो वर्ष पनि डीएपी मल नपाउँदा उनले कुखुराको भुस मल हालेर आलु लगाएका थिए । तर, सोचे जस्तो आलु उत्पादन भएन् । 'मैले अघिल्लो साल आलु लगाउने खर्च पनि उठाउन सकिनँ । अबदेखि आलु लगाउँदिनँ त भनेको मनले मान्दैन । आलु लगाए खान त किन्नु पर्दैन भनेजस्तो लाग्छ', उनले भने, 'आलु लगाउन खोजेको १० दिन भइसक्यो । अझै डीएपी मल पाउन सकेको छैन् ।' आलु लगाउन खेत तयारी गरेर बजारमा पुनः मल खोज्न जाने तयारीमा छन्, पुडासैनी । तर, उनलाई सहजै मल पाउने चिन्ताले सताइरहेको छ । भीमफेदीका पुडासैनी मात्र हैन, मकवानपुरको थाहानगर, मकवानपुरगढी, बकैया, मनहरी, बागमती र हेटौंडा उपमहानगरपालिकाभित्रका कृषकलाई आलु लगाउने चटारो छ । तर, उनीहरूलाई कामको चटारो भन्दा पनि डीएपी मल नपाउने चिन्ताले सताइरहेको छ ।

हेटौंडा उपमहानगरपालिका-१ भैर वडाँडाका विनोद सापकोटा बिहान उठ्ने बित्तिक्कै बजार आइपुग्छन् । बजार आएपछि उनलाई बाली लगाउने हतारोले डीएपी मल कहाँ पाइन्छ भनेर खोज्नु चटारो हुन्छ । हरेक मल पसल पुगेर उनले पहिलो सोध्छन्, 'यहाँ डीएपी मल पाइन्छ ?'



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## विषादी सचेतना आवश्यक

नेपालमा झण्डै साढे तीन सय मेट्रिकटन विषादी विदेशबाट आयात हुने गरेको तथ्याङ्क छ । विभिन्न सरकारी तथा गैरसरकारी अध्ययनहरुले प्रकाशित गरेको तथ्यांकमा यस्तो पाइएको हो । त्यसका अतिरिक्त अवैध र गैरकानुनी रुपमा आयात गरिने गुणस्तरहीन विषादीको ग्राफ पनि अग्लो नै भएको अनुमान छ । कृषि क्षेत्रमा पनि दलाल तथा बिचौलियाहरुको प्रवेशले निसन्देह अवैध तथा गैरकानुनी धन्दालाई बढावा दिएको कुरा छर्लंग छ । नेपालमा बिक्री वितरण हुने ८५ प्रतिशत तरकारी अनियन्त्रित तथा अवैज्ञानिक ढंगले विषादीहरुको प्रयोग भएको तथ्यांक अध्ययनहरुले देखाएका छन् । त्यसरी अनियन्त्रित तरिकाले विषादीको बढ्ता प्रयोग बेमौसमी तरकारीहरुमा हुने गरेको छ । अत्यधिक रासायनिक मलको प्रयोग, त्यसमा अनियिन्त्रित र बिनामापदण्ड हुने गरेको विषादीको प्रयोगबाट उत्पादित तरकारीले मानव स्वास्थ्यमा धेरै असर पुऱ्याउँदै आएको छ । अब तरकारीजन्य उत्पादनमा मात्र होइन हाइब्रिड खाद्यान्नमा समेत रासायनिक मल मात्र होइन अत्यधिक विषादी प्रयोग हुन थालेको छ । हाइब्रिड खाद्यान्नका बीउहरु सामान्य प्रतिकूल वातावरणमा समेत विभिन्न रोगको संक्रमणमा पर्ने हुनाले त्यस्ता बीउहरुबाट खाद्यान्न उत्पादन गर्न भिटामिन तथा विषादीहरुको प्रयोग अनिवार्य हुन जान्छ । नेपालमा विषादीको अनियन्त्रित प्रयोगबाट मानव स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा व्यापक रुपमा चर्चा परिचर्चा हुने गरेको लामै समय भइसकेको छ । यसै विषयलाई लिएर सेमिनार र अन्तर्क्रियाहरु पनि हुँदै आएको देखिन्छ । यस्ता कार्यक्रमहरु राष्ट्रिय मात्र होइन दक्षिण एशियास्तरमा पनि हुने गरेका छन् ।

सन् २०१२ मा भारतको नयाँ दिल्लीमा सम्पन्न एशियाई किसान कन्फ्रेन्स एउटा उदाहरण हो । तर समस्या समाधानको विषयमा भौतिकरुपमा कार्यसम्पादन भएको पाइँदैन । यो समस्याबाट नेपाल मात्र होइन दक्षिण एशियाका भारत, पाकिस्तान लगायतका मुलुकहरु पनि प्रभावित छन् । फरक यति छ कि नेपालले विषादी तथा रासायनिक मल भारत तथा अन्य मुलुकबाट आयात गर्दछ भने भारतले आफै उत्पादन गर्दछ । विषादी प्रयोगको अवैज्ञानिकताबाट भारतका उपभोक्ताहरु पनि पीडित भएको कुरा विभिन्न एजेन्सीहरुले बेला–बेलामा सार्वजनिक गरिरहन्छन् । नेपालका ६५ प्रतिशत जनता पूर्णरुपमा कृषि पेशामा आवद्ध भएको कुरा सरकारी तथ्यांकले नै बताउँछ तर नेपाल खाद्यान्न मात्र होइन फलफूल तथा तरकारीमा समेत आत्मनिर्भर छैन । नेपालको तरकारी र खाद्यान्न आयातको प्रमुख आयातकर्ता देश छिमेकी भारत हो । केही वर्ष अगाडिको एक परीक्षणले भारतबाट आउने फलफूल तथा तरकारीमा अत्यधिक विषादी प्रयोग भएको पाइएको थियो । नेपाल सरकारले त्यसलाई नियमन गर्ने प्रयत्न पनि गरेको थियो । तर भारतीय पक्षको अवज्ञाका कारण नेपाल भारत आयात निर्यातमा क्वारेन्टाइन प्रणाली प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेन । वि.स. २०७१ को असार महिनाबाट देशकै सबभन्दा ठूलो तरकारी बजार काठमाडौंस्थित कालीमाटी तरकारी बजारमा विषादी परीक्षण गर्ने कामको थालनी गरिएको थियो ।

सरकारका स्थानीय तहहरुले किसानले विषादी छर्दा अपनाउने सजगता र मात्रा तथा विषादी छरेपश्चात बजारमा पठाउने समय अवधिका विषयमा किसान सचेतना तालिमका कार्यक्रमहरु राख्नुपर्दछ । त्यसका अतिरिक्त प्रांगारिक मल तथा घरेलु जैविक विषादीको निर्माणका विषयमा तालिम दिन र व्यवहारिक रुपमा कार्यान्वयन भयो कि भएन भन्ने विषयमा नियमित अनुगमन गर्न जरुरी छ । सरकारका तहहरुभित्रका कृषि क्षेत्र अन्तर्गतका संस्थाहरुले विषादीको परीक्षण जाँच, अनुसन्धान, नियमन र नियन्त्रणका लागि निरन्तर कार्यसम्पादन गर्न जरुरी भइसकेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# 'अफ्रिका जर्नल



सुशीलराज गिरी

न म कसैलाई सुनाउन सक्ने स्थितिमा छु, न सबै कुरा लिपिबद्ध गर्न नै सक्छु, त्यो अकल्पनीय घटना । त्यो तितो यथार्थ । ओहो १ कस्तो कहाली लाग्दो । मैले कहिल्यै कल्पना नगरेको । कहिल्यै नसोचेको । ओहो १ कसरी घट्यो त्यो घटना चकित छु आफैं । जतिसक्दो चाँडो बिर्सन चाहन्छु म त्यो घटना । सकिरहेको छैन बिर्सन । दिमागमा नाचिरहेको छ जुनबेला पनि ।

मैले इमान बेच्नु हुँदैनथ्यो १२/१५ लाखका लागि । म स्वाभिमानी मान्छे । इमान प्रतिष्ठामा आँच आउन म दिन्न कहिल्यै तर त्यो घटना (धम्मरधुस काले, ड्रग, पैसा ! ओ हो हो ! दक्षिण अफ्रिकामा २ हजार र्याण्डको जागिर खाएर म माथि लाग्न सक्दिनथेँ कहिल्यै । विकल्पको अभावमा मैले त्यो सब काम गरेँ जसको खिलाफमा म स्वयम् उभिने गर्दथिएँ, उभिने गर्छु ।

विकल्पको खोजीमा बसिरहेको सोझोसाझो म दश हजार र्याण्डको कुरो सुनेपछि एकपटक झस्किएँ । टाउको उठाएर अघि हेरेँ कालो न कालो लम्बु मान्छे मेरो अगाडि । उसको अनुहार देख्न गाह्रो पर्यो । मैले टाउको अझ उठाएँ । देखिराखेकै काले रहेछ । नाम थाहा थिएन । हेलो हाई भो । मैले उसले भनेको कुरा बुझेको थिइनँ । मैले जिज्ञासा प्रकट गरेँ । उसले एकान्तमा जान आग्रह गर्यो । अलिक डराएँ । हदै भए मरिन्छ, जब यस्तो सोँच आउँछ अनि भाग्दो र हेछ सबै डर त्रास ।

एकान्तमा लिएर गयो उसले मलाई । उसले खरिद्न खोजेको रहेछ मलाई । सौदा । मैले काम सोधेँ । उसले बताउन चाहेन । दश हजार र्याण्ड । पैसाको लोभ तेर्स्यायो । यथार्थमा म पैसा चाहन्थेँ । गुमाउन चाहँदैन थिएँ । र पनि आफूलाई निकै सम्हाल्दै होशियारीपूर्वक बोलिरहेको थिएँ म । मैले पुनः सोधेँ काम के हो मैले गर्नुपर्ने ? उसले भन्यो, 'सामान छ एक व्याग त्यो लगेर फलानो ठाउँमा फलानालाई दिनु पर्ने ।, 'काम सजिलो छ । त्यतिको लागि दश हजार र्याण्ड नट अ जोक, उसले थप्यो ।

मैले सोधेँ व्यागमा के छ ? के हो त्यस्तो सामान ? यदि सामान्य हुँदो हो त यत्रो पैसा दिएर मान्छे लगाउनु जरूरी पनि नहुँदो हो । मलाई केही शंका लागिसकेको थियो तर म त्यसैको मुखबाट सुन्न चाहन्थेँ । यथार्थ नबुझेसम्म म काम नगर्ने भएपछि ऊ भन्न बाध्य भयो । ड्रग्स । ड्रग्स ? आत्तिएँ म । दिमागमा नानाथरी कुराहरू घुम्न थाले । ड्रग्स, म, पुलिस, जेल, सजाय, मेरो परिवार, मेरा आफन्त, मेरा साथीहरू । अहँ मबाट यो काम हुँदैन, दृढताका साथ इन्कार गरिदिएँ । काम तिमीले सोचेको जस्तो मुस्किल छैन । हामी पुलिसको नजरमा छौं त्यसैले मात्र हो नयाँ अनुहार खोजेको कालेको मनाउने प्रयत्न मलाई । उसले थप्यो लेट्स डु इट, आइ विल मेक इट ट्वान्टी थाउजेन्ट । मेरो दिमाग रन्थन्निइरहेको थियो, सोँच्न केही सकिरहेको थिइनँ ।

दक्षिण अफ्रिका, जव, स्यालरी, नेपाल, ऋण, परिवार, आफ्नो भविष्य ओहो द्वन्द्व गर्दै थिए दिमागमा । पैसा नाचिरहेको थियो । विकल्पहीन अवस्थामा पैसा सबैभन्दा माथि आएर बसिरहेको लाग्दै थियो । एक्कासी मुखबाट निस्कियो एक लाख र्याण्ड । एक लाख र्याण्ड दिने भए काम गरिदिन्छु । झस्कने पालो थियो कालेको । झस्कँदै केहि पछि हट्यो । सातो गए झैं । उसलाई पनि काम गरिदिने मान्छे चाहिएको थियो । मलाई नै किन रोज्यो त्यो उसलाई नै थाहा होला । सायद म साइवर आइरहँदा ख्याल गरिरहेको हुनुपर्छ । फक म्यान । वन ल्याख ? दिस इज टू मच ।

अनेक उपाय लगाउँदै थियो मनाउन । मैले साफसाफ भनिदिएँ मिलियन्सको काम गर्दा जाबो यति पनि नपाउने त्यसमाथि यति रिस्कि । अडिग थिएँ आफ्नो कुरामा । इफ इट्स ओके कल मि भन्दै म हिँडे । के–के सोच्यो कुन्नि अलिक रातो पिरो अनुहार पार्दै बोलायो र भन्यो 'डन' । सामान लिन भोलि फलानो ठाउँमा उसको निम्तो । त्यसपछि छुट्टियौं हामी त्यहाँबाट । रातभर निदाउन सकिन म । योजना बुन्दै थिएँ । मलाई पैसो भन्दा ज्यानको माया जो छ । म केवल म नभएर मेरो परिवारसँग गाँसिएको म । मैले सबै कुरा सोचेर सम्झेर गर्नुपर्ने । काम, पैसो, म, प्लेन टिकट, नेपाल, परिवार । अनेक योजना बनाउँदै भत्काउँदै गरेँ स्वयम् दिमागमा । अन्तिम योजना लिएर सुतेँ ।

भेट्न जानु थियो कालेलाई । गएँ बोलाएको ठाउँमा । त्यहाँ रहेनछ त्यो । मोवाइलमा घण्टी बज्यो । अनुमान लगाएँ पक्कै त्यसैको हुनु पर्छ । हो रहेछ । उसले अर्को ठाउँमा बोलायो । पुलिसले जासुसी गरिरहेको हुनसक्छ म समेत नजरमा त परिसकिन ? डर मिश्रित सतर्कता । कालेसगँ भेट भयो । सामान दियो अनि पुर्याउनु पर्ने ठाउँको फेहरिस्त । जोहानेसवर्ग सिटी पुग्नु पर्ने रहेछ । मैले मेरो कामको पैसा मागेँ । काम सम्पन्न भएपछि मात्र उसले भन्यो । पैसाको मामिलामा मान्छे कस्ता हुन्छन् बुझिसकेको म, त्यसमाथि काले । त्यत्रो पैसा विश्वास गर्ने त कुरै भएन । मैले पैसा तु चाहिन्छ भनेँ । पहिले पैसा अनि काम मेरो सर्त । उसलाई व्याङ्क अकाउन्ट डिटेल दिएँ नेपालको । पैसो मेरो खातामा पुगेपछि मात्र काम हुने कुरा दाहोर्याएँ । म फर्किएँ । मेरो खातामा पैसा जम्मा भएको कन्फर्म भो । पैसो आइपुग्यो गर्नैपर्ने प्रेसर झन् बेसी भो । अब त झन् काम नगर्नु भनेको ज्यान गुमाउनु नै थियो । ५/१० र्याण्डलाई मान्छे मारेका घटना दिनहुँ जस्तो आउँछन् समाचारमा । म योजना बनाउँदै थिएँ तद्अनुरूप काम पनि । सँगै बसेका साथीभाई कसैलाई पत्तो दिएको थिइनँ । काम तमाम गर्नासाथ सोही दिन नेपाल फर्किने योजनामा म थिएँ ।

एकदिन म हिडेँ ड्रगको झोला भिरेर पुर्याउनु पर्ने ठाउँमा । बाटोमा पुलिसको चेकिङ । एकपटक झस्किएँ । ढुक्क थिएँ त्यस दिन झोलामा ड्रग्स होइन कापि किताब जो बोकेको थिएँ । ह्वाट इज इनसाइड यौर व्याग ? कड्केर सोध्यो एक पुलिसले । मानौं उसले सुइँको पाइसकेको थियो । म अलिक आत्तिएको आवाजमा किन र सर, केहि छैन त । उनिहरूले खानतलास गरे । कापि, किताब, कलम बस अरू केहि थिएन । पासपोर्ट मागे । दिएँ । विद्यार्थी भिसा, बोष्टन कलेज । कहाँ जान लागेको अलिक नरम हुँदै सोधे यसपटक । अफकोर्स कलेज मेरो जवाफ । अड्चनका लागि माफी माग्दै मलाई जान भनियो । हैट एकछिन त लाग्यो यदि ड्रग्सनै बोकेर आएको हुँदो हुँ त ? म त्यो दिन पहिले कलेज गएँ । पढेँ । फर्किए । अनि मेसो मिलाएर, ठाउँ हेरिवरि मान्छे चिनेर फर्किएँ । लगेज तयार थियो । २ बजेको फ्लाइट थियो नेपालका लागि । कलेजको नाम प्रिन्ट गरेको झोलामा सामान राखेँ जस्को मैले डेलिभरि दिनु थियो । बाटोमा ति नै पुलिस भेट भो । धक्क छाति फुलेर आयो । चिने सायद । फेरि म कलेजको व्याग भिरेको थिएँ कलेजकै टिसर्ट पहिरन । मलाई हेरेर मुसुक्क हाँसे मात्र उनीहरू । एउटाले हाउ इज इट माइ फेन्द भन्यो । मैले सार्प भने । उनीहरूले सार्प सार्प भने ।

सामान सम्बन्धित मान्छेलाई बुझाएर म हतारिँदै हिडेँ । फ्लाइट जो भेट्नु थियो । पल्लो घरमा बस्ने कालेलाई उसको कारमा एयरपोर्ट ड्रप गर्न अनुरोध गरेँ । हामी उसलाई पापा भनेर सम्बोधन गर्थ्यौं । घरमा मेरा साथीभाइ जो सँगै बस्थे उनीहरूलाई त्यही दिन मात्र जानकारी दिएको थिएँ म फर्कदै छु भनेर । सबै दंग पर्दै थिए । के भो के त्यस्तो आपत्कालीन आइलाग्यो सबैको जिज्ञासा । घर जानुपर्ने भो आत्तिनु पर्ने केही होइन भनेर म लागेँ । एयरपोर्टमा चारैतिर पुलिस देख्दा डर थियो । जो पनि आफूलाई नै हेरेको भान हुने । प्लेन भित्र छिरेपछि भने राहतको श्वास फेरेँ । मन पुरै हलका त्यतिबेला भयो जतिबेला म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नेपालमा पाइला टेकेँ । शरीर फुर्तिलो भो । हर्षित थिएँ । ओहो कस्तो उमंग मनमा । चाल–ढाल नै बेग्लै जस्तो आफैलाई भान भो ।

थोत्रो थोत्रो स्विटर, भुवावाला टोपी, खुट्टामा मोजा अनि चप्पल । अनौठो लाग्ने टाइपको भेषमा बसिरहेका एक वृद्धले इमिग्रेसनमा पासपोर्ट पल्टाउदै सोधे निकै छिटो फर्कनु भएछ त । कानमा चर्को आवाज गुञ्जियो हाउ मच फर दिस वन ? म झसङ्ग भएँ । तोइट

चिर निन्द्राबाट व्युझिए जस्तो । जुरूक्क उठेँ । यताउता हेरेँ । जुत्ता चप्पल, यस्मिन (पसल साहू), क्लेटन (म जस्तै अर्को कामदार) अनि ग्राहक । क्लेटन बिजि थियो ग्राहकसँग । एक ह्वाइट लेडी मलाई जुत्ता देखाउँदै हाउ मच भन्दै थि । म त एकछिन रूमल्लिएँ । आफै तीन छक । सिटमा बस्दाबस्दै सपना ? मनमनै गाली गरे आफैलाई । धत् सपना थियो कि कल्पना । म हेरेको हेर्यै । ती गोरी ग्राहक बोल्दै थिइन 'क्यान आइ ह्याब साइज सिक्स ?' म अड्किदै भनेँ, 'लेट मि चेक ।' म अझै यथार्थतामा फर्कन सकिरहेको थिइनँ ।

खुशी पनि लाग्यो गतिलो काम थिएन जुन मैले गरेँ त्यो यथार्थ होइन रहेछ ।

बाँकी पृष्ठ ३ मा

# यस्तो छ, रुघाखोकीको आयुर्वेदिक उपचार

यतिबेला धेरैलाई रूघाखोकीले सताइरहेको हुन्छ । रूघाखोकी लाग्नासाथ हामी औषधि किन्न हतारिहन्छौं । जबकि हाम्रो घर-आँगन, भान्सामा उपलब्ध वनस्पति, मरमसलाबाट रूघाखोकी सजिलै निको हुन्छ ।

यस किमिसको ओखती बनाउन धेरै खर्च गर्नुपर्दैन । अस्पताल पनि धाउनुपर्दैन । त्यसमाथि शरीरलाई नकार ात्मक असर गर्ने भय पनि हुँदैन । बरू रोगप्रतिरोधात्मक क्षमता बढाउन सहयोग गर्छ ।




## रूघाखोकीमा घरेलु ओखती

धुलोधुँवा र चिसोको कारण रूघाखोकी लाग्ने सम्भावना अधिक हुन्छ । त्यसैले शरीरलाई सकेसम्म न्यानो राख्नुपर्छ । शरीरलाई न्यानो बनाउने झोलयुक्त खानेकुरा खानु जरूरी हुन्छ । यस्तो खानाले शरीरलाई पर्याप्त पोषण पनि मिल्छ । गेडागुडीको झोल वा मासुको सुप खान उपयुक्त हुन्छ । साना बच्चा, बुढापाका, रोगी एवं सुत्केरीलाई यसबेला अरू बढी ख्याल गर्नुपर्छ ।

रूघाखोकी लागेमा केही यस्ता घरेलु ओखती प्रयोग गर्न सकिन्छ, जो निकै प्रभावकारी पनि हुन्छ ।

## तुलसीको पात, अढुवा र दालचिनीको पेय

तुलसीको पात, मरिच, अदुवा, दालचिनी एकसाथ उमालेर पिउँदा रूघाखोकी निको हुन्छ । यसमा थोरै सक्खर मिसाउन सकिन्छ । यसो गर्दा स्वादिलो पनि हुन्छ ।

यसैगरी मरिच, दालचिनी, अदुवामा बेसार मिसाएर उमालेको पानी पनि यसबेला निकै प्रभावकारी हुन्छ ।

## मह, कागती र सुकुमेलको घोल

तातो पानीमा एक चम्चा मह, थोरै सुकुमेलको धुलो मिश्रण गर्ने र त्यसमा कागतीको रस मिसाउनुपर्छ । यस्तो रस दिनमा दुई पटक पिउँदा लाभलायक हुन्छ ।

## बेसारयुक्त दूध

तातो दूधमा बेसार मिसाएर पिउँदा पनि रूघाखोकीबाट छुटकारा पाउन सकिन्छ ।

## अढुवा, ज्वानो र बेसारको घोल

थोरै ज्वानो पानीमा अदुवा र बेसार मिसाएर राम्ररी उमाल्नुपर्छ । त्यो पानी पिउँदा रूघाखोकीमा आराम मिल्छ ।

## तोरीको गेडा

एक गिलास तातो पानीमा एक चम्चा तोरीको गेडा उमाल्नुपर्छ । पानी राम्रोसँग उमालेपछि पिउनुपर्छ । तोरीको दानामा पाइने सल्फरले जमेको खकारलाई बाहिर निकाल्न मद्दत गर्छ ।

## भिजाएको बदाम

यतिबेला बदामको सिजन पनि हो । एक मुठी बदामलाई रातभर पानीमा भिजाएर राख्ने । बिहान त्यसलाई पिसेर तातो पानीसँग खानु उपयुक्त हुन्छ ।

## कस्तो आहार खाने ?

रूघाखोकी हुँदा खानपानमा विशेष ख्याल गरिएन भने यसले थप दुःख दिनसक्छ । त्यसैले आहार व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

- तातो र ताजा खाना खाने ।
- पर्याप्त पानी पिउने ।
- झोलिलो खानेकुरा र गेडागुडीमा जोड दिने ।
- सुपमा प्याज र लसुनको प्रयोग प्रभावकारी हुनसक्छ ।

## रूघाखोकी लाग्दा ध्यान दिनुपर्ने कुरा:

- प्रदूषित वातावरण र धुलो माटोमा नजाने ।
- यो संक्रमणको कारणले पनि हुन्छ, त्यसैले संक्रमित व्यक्ति र स्थानबाट टाढा रहनुपर्छ ।
- चिसो खाना र बासीखानाको उपभोग सकेसम्म नगर्ने ।
- चिसो पेय पदार्थ, बरफको पानी, आइसक्रिम, जंक फुड, चिल्लो खानेकुराको सेवन नगर्ने ।
- दूध र दुग्धजन्य पदार्थको सेवन नगर्ने । यसले खोकी लाग्ने समस्या बढाउन सक्छ ।

सामान्य रूघाखोकी एक हप्तामा निको हुन्छ । धेरैमा १० दिन लाग्नसक्छ । तर दुई-तीन हप्ता लगातार रूघाकोखी लागिरह्यो भने चिकित्सकको परामर्श जरूरी हुन्छ ।

## तातो पानीको बाफ

रूघाखोकीको समस्यामा तातोपानीको बाफ लिनु एकदमै लाभदायक हुन्छ । यसले नाक खुलाउँछ र श्वासप्रश्वासमा पनि सहज हुन्छ ।

# सुतेको बेला घुर्ने समस्या सामान्य नहुन सक्छ

सुतेको अवस्थामा कोही किन घुर्छन् ? खासमा वायुमार्गको समस्याले गर्दा श्वासनली आंशिक बन्द हुन पुग्छ, जसकारण फोक्सोमा पर्याप्त अक्सिजन पुग्दैन । यही स्थितिमा मान्छे घुर्छ ।

यो ध्वनि घाँटीको पछाडिको नरम तन्तु (अभ्युला र नरम तालु), जिब्रोको आधारमा हुने कम्पनले पैदा हुन्छ । लगभग संसारका आधा मानिस आफ्नो जीवनको कुनै न कुनै बिन्दुमा घुर्ने गर्छन् ।

## किन घुर्छन् मानिस ?

यसको एउटा मात्र जवाफ छैन । मान्छेको स्थितिअनुसार घुर्ने समस्या पनि फरक हुन्छ । कसैको तौल बढी हुँदा वा कसैको सुताइ नमिल्दा घुर्ने गर्छ । नाक र घाँटीका मांसपेशी कमजोर हुनु, फोक्सोमा अक्सिजन पर्याप्त नपुग्नु जस्ता कारणले मान्छे घुर्छन् ।

निदाएको बेला शरीरका सबै अंगले आराम गर्छन् । त्यही समयमा सबैभन्दा बढी घुर्ने हो । कहिलेकाहीं घुर्नु सामान्य भए पनि नियमित घुर्नु समस्या हो ।

घुर्ने समस्या प्रायः मोटोपन भएका व्यक्तिलाई हुन्छ । मोटोपन भएका व्यक्तिको घाँटीको प्वाल सानो हुने भएकाले उनीहरू घुर्छन् । घाँटीको पछाडि मासु पलाएको छ, नाकको हड्डी बाङ्गो भएमा, टन्सिल ठूलो भएमा घुर्ने समस्या देखिन्छ । यसैगरी रक्सी पिएर सुतेको अवस्थामा पनि मान्छे घुर्छन् ।

## चर्को स्वरमा घुर्ने

कुनै व्यक्ति चर्को स्वरमा घुर्छ भने उसलाई स्लिपएपनिया हुन सक्छ । चर्को स्वरमा घुरेको आवाज अचानक बन्द हुनु र निस्सासिने वा सास फेर्न गाह्रो हुनुका साथै घुरेको आवाज आउनु स्लिपएपनियाको स्पष्ट संकेत हो ।

## घुर्ने समस्याको उपचार

घुर्ने समस्या के कारणले भएको हो ? मोटोपनको कारण वा नाकको समस्याले । सुत्ने आसनले हो वा मदिराले । यी कारण पत्ता लगाएर सोही अनुसार उपचार खोज्न सकिन्छ ।

यदि मोटोपनको कारणले भए मोटोपन घटाउनुपर्छ । सुताइ नमिलेर हो भने सुत्ने आसन परिवर्तन गर्नुपर्छ । धुम्रपान र मद्यपानले हो भने त्यस्तो लत त्याग्नुपर्छ ।

यति गर्दा पनि भएन भने घाँटी, नाक आदिमा समस्या भएको हुनसक्छ । चिकित्सकको परामर्श लिन जरूरी हुन्छ ।

## बढी घुर्नु घातक हुनसक्छ

नियमित घुर्ने समस्या छ भने त्यसलाई बेवास्ता गर्नु हुँदैन । यसले मेटाबोलिक सिन्ड्रोम, मधुमेह, उच्च र क्तचाप, मुटुरोगको संकेत गर्छ । त्यस्तै बच्चामा घुर्ने रोग छ भने नाकको हड्डी बाङ्गो हुनसक्छ । मुखको बनावट बिग्रिन सक्छ ।

यदि घुर्ने समस्याले खासै तपाईंको जीवनमा प्रभाव पारेको छैन भने अस्पताल जानु पर्दैन । यदि त्यसले कुनै न कुनै रूपमा तपाईंको जीवनलाई प्रभाव पारको छ भने अस्पताल जानैपर्छ ।

घुर्ने कारणले निद्रा अपुग हुनसक्छ, तपाईंले अल्छी महसुस गर्नुहुन्छ । एकाग्रताको कमी हुन्छ । यसले आफूलाई मात्र होइन आफूसँगै सुत्ने साथीलाई पनि बाधा गर्नसक्छ । त्यस्तो स्थितिमा उपचार खोज्नैपर्छ ।

## अफ्रिका. . .

अनि दुःख पनि लाग्यो हातबाट १२/१५ लाख जो गुम्यो । फेरि उहि दिनचर्या जुत्ता, चप्पल । बेलुकी घर फर्किएँ । दिनचर्या केहि परिवर्तन छैन उही हो । काम, घर, खाना, विस्तरा । उठ्यो नुहायो, नास्ता बनायो, खायो, अनि काम ।

जीवन जसरी चाहेको जस्तो बिताउन सकिरहेको छैन । प्रयत्न जारी छ । पैसो कमाउनतिर लाग्दिन त्यसरी जसरी सपनामा कमाएको थिएँ एकैपटक । सपना देख्नु राम्रो हो तर प्राप्तिका लागि आफै लाग्नुपर्छ निरन्तर । कोशिस छाड्नु हुँदैन । हार मान्नु हुँदैन साना-तिना असफलताबाट, पुग्छ पक्कै आँटेको सायद । प्राप्त हुन्छ चाहेको ।

(१९ जनवरी २००७, दक्षिण अफ्रिका, दक्षिण अफ्रिका डायरीबाट)






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# एमाले उमेद्वार बर्तौलाको यस्ता छन् २० अठोट

◆ विकास संवाददाता

नेकपा एमालेबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर-२ का उम्मेदवार महेशकुमार बर्तौला को२० वटा अठोट यतिबलो भाइरल बनेको छ । उनले निर्वाचन प्रचारप्रसार का क्रममा जनतामाझ राखेका अठोट यतिबेला भाइरल भइरहेको हो। क्षेत्रभित्र पर्ने हेटौंडा उपमहानगर पालिका- १, ११, ३ र १९ वडा, मकवानपुरगढी-५, ६, ७ र ८ नम्बर वडाससँगै थाहा नगरपालिका, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोवर र भीमफेदी गाउँपालिकाका चोक, चियाअड्डामा यतिबेला बर्तौलाको अठोट चर्चामा छ ।



बर्तौलाले नागरिकका प्रत्यक्ष समस्या र महत्वका विषयलाई अठोटमा राखेपछि उनी अन्य उम्मेदवार भन्दा चर्चामा छन् । बर्तौलाले मकवानपुरको २ नम्बर क्षेत्रको परिवर्तनका लागि आफ्ना २० अठोट सार्वजनिक गरेका छन् । बर्तौलाले विद्यालयदेखि खेलकुदसम्मलाई आफ्नो अठोटमा राखेका छन् । प्रतिनिधिसभामा निर्वाचित भएपछि समुदायका लागि आफूले धेरै गर्नसक्ने भएपछि २० वटा अठोट कुनै हालतमा पूरा गरिछाड्ने बर्तौलाको प्रतिवद्धता छ। नेकपा एमाले वागमती प्रदेश कमिटी उपमहासचिवसमेत रहेका बर्तौलाका २० अठोटमा 'एक पालिका, एक आवासीय विद्यालय' कायर्क्रममार्फत् बालबालिकालाई घण्टौं हिँडेर विद्यालय जानुपर्ने र फर्किनुपर्ने अवस्था अन्त्य, सबै बालबालिकाको विद्यालयमा सहज पहुँच स्थापित गरिने, विद्यालय शिक्षामा शिक्षकको विषयगत् दरबन्दी सुनिश्चितता गर्न केन्द्रीय नीति, आवश्यक शैक्षिक तथा भौतिक पूर्वाधार विकास गरी मकवानपुरलाई उच्चशिक्षाको हब बनाउन पहल गरिने छन् । विभिन्न जातिको भाषा, कला, सूस्कृति संरक्षण, प्रवर्द्धन र विकास, उद्यमशीलता विकासमार्फत् युवाको श्रमलाई उत्पादनसूग जोड्दै स्वरोजगार बनाइने, लगानीमैत्री वातावरण सिर्जना एवम् औद्योगिक पूर्वाधार विकास गरी हजारौंको रोजगारी सिर्जना गरिने, किसानले भोग्नुपरेका मल, विउ, सिचाई र बजारको समस्यालाई दीर्घकालीन समाधानको पहल गरिने, प्रत्येक घरमा पिउने पानीको पहुँच स्थापित गरिने र एक गाग्री पानीका लागि घण्टौं धाएर जानुपर्ने अवस्था अन्त्य गरिने उल्लेख छ ।

मकवानपुरको स्वास्थ्य सेवालाई व्यवस्थित, गुणस्तरीय र विश्वनीय बनाइने, सडकसञ्जाल, सञ्चार तथा शिक्षालगायत भौतिक पूर्वाधार विकासमार्फत् सम्पूर्ण गाउँबस्तीको विकास र समृद्धिलाई प्राथमिकता दिइने, प्राकृतिक स्रोत-साधनलाई क्षेत्रेको विकासका लागि परिचालन र व्यवस्थापन गरिने, जलवायु परिवर्तन एवम् वातावरण संरक्षण क्षेत्रमा नीतिगत् एवम् कानुनी सुधार र कार्यान्वयन गरिने, मध्यवर्ती आरक्ष क्षेत्रको कानुनका कारण मनहरी र साबिक हाँडीखोलाका बासिन्दाले भोग्नुपरेका समस्यालाई दीर्घकालीन समाधान खोजिने र आवश्यक स्थानमा नदीनियन्त्रण, बस्तीबचाऊ तथा तटबन्धन गरिने उनको अठोट छ ।

सीमभञ्ज्याङमा मैत्री बगैंचा, थाहाको मुलबारीमा राष्ट्रिय विभूति पार्क बनाइने, पर्यटन पूर्वाधार विकासमार्फत् मकवानपुर लाई आन्तरिक तथा वाह्य पर्यटकीय गन्तव्य बनाइने, पयर्टन करिडोरको अवस्थाअन्तर्गत् समग्र क्षेत्रको विकासलाई प्राथमिकता दिइने उल्लेख गरेका उनले पूर्वाधार विकासका लागि छुट्याइएको केन्द्रीय बजेटको शत्प्रतिशत् कार्यान्वयन गर्दै समयमा आयोजना सम्पन्न गराइने बताएका छन् । सार्वजनिक सेवाप्रवाहलाई छिटो, छरितो, पारदर्शी र जनमैत्री बनाउदै सशुासन कायम गरिने, अनाथ, असहाय बालबालिकाको संरक्षणका लागि बनेका कानुन कार्यान्वयन, मकवानपुर का ऐतिहासिक, धार्मिक एवम् सूास्कृतिक महत्वका पुरातात्विक सम्पदा संरक्षण र प्रवर्द्धन गरी यसको थप खोजी एवम् प्रचारप्रसार गर्दै अनुसन्धानकर्ता एवम् पर्यटकहरूको आकर्षणको केन्द्र बनाइने उनको अठोट छ ।

# मकवानपुरमा स्वतन्त्रसहित २६ जना चुनावी मैदानमा

◆ विकास संवाददाता

मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुरको निर्वाचन क्षेत्र-१ बाट राजनीतिक दल र स्वतन्त्रसहित १६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले दिएको तथ्यांकअनुसार मकवानपुर निर्वाचन क्षेत्र-१ बाट प्रतिनिधिसभा सदस्यमा ३५ वर्षदेखि ६७ वर्ष उमेरका उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

निर्वाचन आयोगबाट प्राप्त तथ्यांकअनुसार अर्को वर्ष राप्रपा नेपाल अध्यक्ष तथा नेकपा एमालेको चुनाव चिह्न सूर्य लिएर प्रतिनिधिसभा सदस्यमा मकवानपुरको निर्वाचन क्षेत्र-१ बाट चुनावी मैदानमा होमिएका कमल थापाले अर्को वर्ष बृद्धभत्ता बुझ्ने भएका छन् । उमेर गत् तथ्यअनुसार नेपाल सरकारले ७० वर्षबाट घटाएर ६८ वर्षमै बृद्धभत्ता पाउने व्यवस्था गरेपछि अर्को वर्ष थापाले पनि बृद्धभत्ता पाउने भएका हुन् । उक्त क्षेत्रमा ठूला दलले प्रायः सबै ५५ वर्ष कटेका र बृद्धभत्ता बुझ्ने उमेरका उम्मेदवारहरू उठाएका छन् ।

निर्वाचन आयोगबाट प्राप्त तथ्यांकअनुसार नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार थापा सबैभन्दा बृद्ध उमेरका अर्थात् ६७ वर्ष र राष्ट्रिय स्वतन्त्र पार्टीका टाकाराज थापा कान्छा उमेरका अर्थात् ३५ वर्षीय उम्मेदवार चुनावी मैदानमा छन् । उक्त क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंह ६१ वर्ष, नेपाल मजदुर किसान पार्टीबाट सान्तलाल भैल ६० वर्ष, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)




का कृष्णप्रसाद दाहाल ६० वर्ष, नेपाली कांग्रेसबाट महालक्ष्मी डीना उपाध्याय ५८ वर्ष, जनसमाजवादी पार्टी नेपालबाट मनबहादुर दाहाल ५३ वर्षका उम्मेदवार छन् ।

हाम्रो नेपाली पार्टीबाट दीपेन्द्रचन्द ठकुरी ४६ वर्ष, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका रूपम लामा ४४ वर्ष, नेपाली कांग्रेस वीपीबाट सुरेन्द्र भट्टराई ४३ वर्ष, स्वतन्त्रका ताइतराम तामाङ ४३ वर्ष, सचेत नेपाली पार्टी (एकल चुनाव चिह्न) बाट पञ्चलाल तामाङ ४२ वर्ष, मंगोल नेसनल अर्गनाइजेसनबाट युवराज लामा ४० वर्ष, मौलिक जरोकिलो पार्टीबाट संगीन श्रेष्ठ ३८ वर्ष, जनता समाजवादी पार्टीबाट इन्द्रमान थिङ ३७ वर्ष, स्वतन्त्र सुभास पौडेल ३६ वर्ष र र ाष्ट्रिय स्वतन्त्र पार्टीबाट टाकाराज थापा ३५ वर्षका उम्मेदवार छन् । मकवानपुर को निर्वाचन क्षेत्र-१ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका १६ जनामध्ये एकमात्र महिला उम्मेदवार डीना छिन् । नेपाली कांग्रेसले मात्र उक्त क्षेत्रबाट महिला उम्मेदवार उठाएको छ । उक्त क्षेत्रबाट अन्य सबै पुरूष उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन् ।

# ४ वडा नम्बरलाई बागमती पालिकास्तरीय फटबलको उपाधि

◆ विकास संवाददाता

वागमती गाउँपालिकामा आयोजित वडास्तरीय फुटबल प्रतियोगितामा आयोजक वडा नम्बर ४ विजयी भएको छ । शुक्रबार भएको फाइनल खेलमा वडा नम्बर-४ लेवडा नम्बर-३ लाई १-० गोलअन्तरले पराजित गरेको हो। जितका लागि शंकर घलानले गरेको गोल नै निर्णायक बन्न पुग्यो । प्रतियोगिताको उपाधिसगैं वडा नम्बर- ४ ले नगद ५० हजारसहित शिल्ड, मडेल र प्रमाणपत्र प्राप्त गरेको छ ।

द्वितीय भएको वडा नम्बर-३ ले नगद २५ हजारसहित शिल्ड र मेडल प्राप्त गरेको छ । प्रतियोगिताभर उत्कृष्ट गोलकर्ताका रूपमा वडा नम्बर-४ का ३ जनाले जनही १ हजार रूपियाँ प्राप्त गरे । वडा नम्बर-४ कै उमेश पाखिन उत्कृष्ट गोलकिपर भए भने सर्वोत्कृष्ट खेलाडी भिम बज्यु घोषित भएका छन् ।



विजेता र उपविजेतालाई मकवानपुर क्षेत्र नम्बर-१ प्रदेशसभा (क) का उम्मेदवार प्रेमबहादुर पुलामी (छिन्तु) ले पुरस्कार हस्तान्तरण गरे । छिन्तुले आफू खेलप्रेमी भएको बताउँदै खेल क्षेत्रको विकासका लागि आफ्नो तर्फबाट सम्पूर्ण सहयोग रहने बताए ।

खेलमैदानलाई व्यवस्थित बनाउनेदेखि नयाँ खेलाडी उत्पादनमा प्रदशे सरकारबाट विशेष याजे ना ल्याइने उनले जिकिर गरे । कार्यक्रममा वागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले पालिकाले खेल क्षेत्रको विकास गर्न् हेतु हरेक वडा तहबाट खेलकुदका कार्यक्रमलाई प्राथमिकता दिइ रहेको बताए। उनले आगामी दिनमा पालिका र प्रदेश सरकार मिलेर खलोडी प्रोत्साहन कायर्क्रम ल्याइने बताए ।

वडास्तरीय खेलकुद विकास समिति अध्यक्ष कालमान राईको सभाध्यक्षतामा भएको कार्यक्रममा पालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य प्रमिला लामा पुलामी, नेकपा माओवादी केन्द्र वागमती गाउँपालिका अध्यक्ष अरूण बल, नेपाली कांग्रेस पार्टी सचिव सुदीप पाखिन, नेकपा समाजवादीका धनपति तिमल्सिना, वडा नम्बर-४ का वडाध्यक्ष दन्तलाल माझी, ३ नम्बर वडाध्यक्ष कमानसिं पाखिन, ५ का वडाध्यक्ष विजय भ्लोन, २ का वडा ध्यक्ष जनक पहरीलगायतको सहभागिता थियो । कात्तिक २१ गते सुरू भएको प्रतियोगितामा वागमती गाउँपालिकाका ९ वटै वडाका १३ वटा टिमको सहभागिता थियो ।

# चुनावमा दुईसय सुरक्षाकर्मी खटिए

◆ विकास संवाददाता

यहि ४ मंसिरमा भएको प्रतिनिधीसभा र प्रदेशसभाको चुनावका लागि मकवानपुर जिल्लामा मात्र ३ हजार २ सय सुरक्षार्की परिचालन गरिएको छ । चुनावका लागि जनपथ प्रहरी, म्यादी, ससस्त्र प्रहरी र नेपाली सेनालाई प्रत्यक मतदान केन्द्रमा खटाइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले बताए ।

मकवानपुरका एक सय ६७ वटा मतदान स्थललाई केन्द्रीत गरेर सुरक्षाकर्मी परिचालन गरिएको उहाँले वताउनुभयो । चुनावका लागि पहिलो घेरामा म्यादी र जनपथ प्रहरी, दोस्रो घेरामा ससस्त्र प्रहरी र मतदान स्थलवरपर गरेर तेस्रो घेरामा नेपाली सेना खटाएको छ । सबै भन्दा धेरै म्यादी प्रहरी एक हजार ६ सय ९९ जना, जनपथ प्रहरी एक हजार ६९ जना, ससस्त्र प्रहरी ४ सय जना, जना



र अरू नेपाली सेना खटाइएको छ ।

चुनावलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि ठुलो सख्यामा सुरक्षा्कर्मी परिचालन गरिएको हो । सुरक्षाकर्मीकै निगरानीमा हरेक मतदान केन्द्रमा काम गरिएको छ । बिशेषगरी मतदान केन्द्र, मतपेटिका, मतपत्रको सुरक्षामा प्रहरी परिचालन गरिएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# बिजुलीको आशामै बित्यो ४ वर्ष

◆ विकास संवाददाता

मकवानपुरको कैलाश ४ का मानिस बिजुली बालेर घर उज्यालो बनाउने आशमा छन् । पोल गाडेको ४ वर्ष भइसक्दा पनि सो क्षेत्रमा अझै बिजुली बल्न सकेको छैन । अहिले यहाँ करेन्टविनाको विद्युतलाइन विस्तार भएको छ ।

नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र मकवानपुरले आर्थिक वर्ष २०७५ पोल वितरण गरेको थियो । तर ति पोल मात्रै गाढिए लाइन विस्तार पनि भयो तर विद्युत प्रवाह हुन सकेको छैन विद्युत प्राधिकरण वितरण केन्द्र हेटौंडाले ठेकेदार कम्पनीमार्फत पोल पुऱ्यायो तर समयमै काम सम्पन्न हुन सकेन । वरिपरिका वडामा बिजुली झलमल्ल बलिसक्दा पनि यहाँ बिजुली नबल्दा ४ नम्बर वडा बत्ती मुनिको अँध्यारो हुन भएको छ ।

४ नम्बर वडा भएर जानुपर्ने वडा नम्बर ३ मा बिजुली बत्ती बलिसक्दा पनि ४ नम्बर वडामा भने अझैसम्म पनि बिजुलीबाट बञ्चित छ । यस वडामा विद्युत लाइन विस्तारका लागि २०७५ सालबाट काम सुरू भएको हो । तर अझैसम्म पनि विद्युतीकरणका काम सकिएको छैन । यस सम्बन्धमा वडाध्यक्ष तिलक मोक्तानले ३ नम्बर मा गाउँपालिकाले नै टेन्डर गरेकाले चाँडो बत्ती बालेको बताउँछन् । यस सम्बन्धी कुरा वडा कार्यालयमा सरोकार नराख्ने



भएकाले काम किन ढिलासुस्ती भएको हो भनेर आफूले जवाफ दिन नसक्ने बताउँछन् । उनले भने, 'वर्षाका कारण बाटोको समस्याले सामान ल्याउन समेत असजिलो भएकाले काम हुन नसकेको हुन सक्छ ।' अब तार टाँग्ने काम सकिएकाले ट्रान्समिटर राखिसकेपछि विद्युत छाड्न सक्ने आफूले जानकारी पाएको बताए ।

विद्युत लाइनको ठेका लिएका ठेकेदार सैलेश श्रेष्ठले दसैं अगाडि नै बत्ती आउने बताए पनि निर्वाचन सकिने बेलासम्म पनि विद्युतको काम नसकिँदा स्थानीय बासिन्दा चिन्तित भएका छन् । निर्वाचन अगाडि नै उज्यालोमा बस्न पाउने सपना पूरा नहुने भएको छ । सरकारी ढिलासुस्ती र आलस्यका कारण काम समयमै हुन नसकेको स्थानीयको आरोप छ । गाउँपालिका अध्यक्ष तथा अन्य स्थानीय जनप्रतिनिधिहरूले पनि यस विषयमा कुनै चासो नदेखाएको स्थानीयको भनाइ छ । वर्षा सकिएको लामो भइसक्दा पनि अझै बाटोको मर्मत हुन सकेको छैन । जसले गर्दा काम समयमै सम्पन्न हुन नसकेको बताइन्छ ।

नेपालमा सरकारी काम कहिले जाला घाम गर्ने कर्मचारीका कारण जनसरोकारका कुनै पनि काम समयमै सम्पन्न हुन नसकेका उदाहरण प्रशस्त देख्न सकिन्छ । ठेकेदार कम्पनीले ठेक्का लिएको काममा लापरबाही गर्ने गरेका छन् । उनहरूले समयमै कुनै पनि पूरा गर्देनन् । ठेकेदार कम्पनीलाई दवाव दिन कुनै निकाय सक्दैनन् । कर्मचारीतन्त्र ठेक्का लिने ठेकेदारसँग कमिसन कुम्ल्याउँछ र कानमा तेल हालेर बस्छ । जनताले गुनासो लिएर गए सुनेको नसुन्यै गरिदिन्छ । विभिन्न बाहना बनाएर पन्छिने काम गर्छ ।

जनप्रतिनिधिहरूको भूमिका अलि बढी प्रभावकारी हुन सक्थ्यो तर यस्ता काममा जनप्रतिनिधि पनि मौन बसिदिँदा ठेकेदारलाई पनि हाइसन्चो भएको छ । मकवानपुरको विकट गाउँपालिका भए पनि कैलाश ४ स्रोत र साधनका दृष्टिले समृद्ध वडा हो । यस वडामा सुन्तला खेती प्रशस्त मात्रा हुन्छ । धेरै स्थानीय बासिन्दाको आयाआर्जनको मुख्य स्रोत पनि सुन्तला खेती रहेको छ । यहाँका एक जना किसानले मात्र बर्सेनि लाखौंको सुन्तलाको व्यापार गर्ने गर्छन् ।

यसैगरी ऋद्धिसिद्धि सिमेन्टको ढुङ्गा खानी पनि यसै वडामा छ । यसबापत गाउँपालिकाले कर असुली गरिरहने तर यहांको विकासको बारेमा कुनै चासो नराखिदिँदा स्थानीय बासिन्दा आक्रोसित छन् ।

# चार महिनाको खर्च साढे १९ प्रतिशत

◆ विकास संवाददाता

चालु आर्थिक वर्षको पहिलो चार महिनामा सरकारी बजेट खर्च साढे १९ प्रतिशत मात्रै भएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्म तीन खर्ब ५० अर्ब ९८ करोड ७३ लाख खर्च भएको हो । जुन वार्षिक विनियोजित बजेटको १९ दशमलव ५७ प्रतिशत बराबर हो ।

यस अवधिमा चालुतर्फ २३ दशमलव ७८ प्रतिशत बजेट खर्च भएको छ । चालु आवका लागि चालु शीर्षकमा ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेट विनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा दुई खर्ब ८१ अर्ब ३८ करोड ६१ लाख खर्च भएको हो ।

त्यस्तै, पुँजीगततर्फ तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बजेट विनियोजन भएकोमा हालसम्म छ दशमलव ९१ प्रतिशत अर्थात् २६ अर्ब २९ करोड ६१ लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्थापन शीर्षकमा दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबरको वार्षिक बजेट रहेकोमा अहिलेसम्म १८ दशमलव ८१ प्रतिशत अर्थात् ४३ अर्ब ३० करोड ५१ लाख खर्च भएको छ ।

यही अवधिसम्म सरकारको राजस्व संकलन १९ दशमलव ११ प्रतिशत रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षका लागि कूल १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने सरकारको लक्ष्य रहेकोमा कात्तिक मसान्तसम्ममा दुई खर्ब ६८ अर्ब सात करोड १७ लाख बराबर असुली भएको छ ।

# नेपाली काँग्रेसको उमेद्वार विना नै कार्यकर्ता चुनावी प्रचारमा

◆ विकास संवाददाता

मकवानपुरको प्रतिनीधि सभा क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसको पार्टीको उमेद्वार विनै कार्यकर्ता चुनावी प्रचारमा रहेका छन् । सत्ता गठबन्धनमा नेकपा एकीकृत समाजवादी (एस)लाई संघ र प्रदेशमा नेकपा माओवादी केन्द्रलाई उमेद्वार भाग लागेपछि काँग्रेस उमेद्वार विहिन भएको हो ।

मकवानपुर-२ मा नेकपा एसबाट प्रतिनीधिसभामा विरोध खतिवडा र प्रदेशमा माओवादी केन्द्रकी कुमारी मोक्तानको उमेद्वारी रहेको छ ।

यस क्षेत्रमा १ लाख ५९ हजार ७५८ उमेद्वार रहेकोमा महिला ७१ हजार ९७९, पुरूष ७८ हजार ५९८ तथा अन्य मतदाता १ जना रहेका छन् । ९ वटा दलबाट उमेद्वारी दर्ता भएको यस निर्वाचन क्षेत्रमा १ जना स्वतन्त्र उमेद्वार रहेका छन् । मकवानपुर(२ मा १०५ मतदान स्थलमा १९२ मतदान केन्द्र रहेका छन् ।

# 'विकासका लागि सत्ता गठबन्धनलाई भोट हाल्नूस्'-उमेद्वार कुमारी

◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर २ (१) की सत्ता गठबन्धनकी उमेद्वार कुमारी मोक्तानले आफुलाई जनताको सेवा गर्न अमुल्य मत दिन आग्रह गरेकी छिन् । मकवानपुरको थाहा नगरपालिकामा आयोजित चुनावी कोणसभा र घरदैलो अभियानमा उनले आफुले पाएको मतको उच्च सम्मान गर्दै जनताकै सेवामा समर्पित हुनेमा ढुक्क हुन अनुरोध गरिन् ।

'यसअघि पाएको मतको कदर गर्दै तपाईहरूको गाउँटोलमा सक्दो धेरै विकास, निर्माणको काममा बजेट ल्याएकै थिए',-उनले भनिन्-'मलाई फेरी अमुल्य मत दिनुस्, अझै धेरै विकास निर्माणको लागि बजेट ल्याउन र स्थानीय समस्या समाधान गर्न भुमिका खेल्नेछु ।' चुनावका बेला भोट पाउँन झुटो कुरा र आश्वासन दिने धेरै रहेकाले सचेत रहनुपर्ने भन्दै विकास, समृद्धी र सुशासनका लागि



आफूलाई जिताउन आग्रह गरिन् ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र बागमती प्रदेश सदस्य तथा मकवानपुर क्षेत्र नम्बर २ निर्वाचन परिचालन संयोजक लवशेर विष्ट, नेकपा एकीकृत समाजवादीका नेता ईश्वरलाल रूम्बा, नेपाली काँग्रेस थाहानगर सभापती प्रमोद जोशी लगायतले गठबन्धनको विकास, निर्माण तथा लोकप्रियता र जित निश्चित भएपछि अन्य पार्टी र उम्मेदवारले भ्रम फैलाउँन थालेकाले जनता सचेत हुनुपर्ने औल्याए । गठबन्धनले २८ कात्तिकमा थाहा नगरपालिका वडा नम्बर १ को खानीगाउँमा चुनाबी कोणसभा तथा थाहा ११ को क्यान्टिन डाँडा, भन्ज्याङडाँडा, मलागिरी, ठाडे, जाग दह, डाडीघाट र थाहा १२ को जगडाँडा, आदमारा लिति, नौखण्डे, दोबान खोला/गैरीगाउँमा घर दैलो गरिएको थियो ।

घरदैलोको क्रममा स्थानीयवासीले स्वच्छ खानेपानी, पक्की सडक लगायतको भौतिक पूर्वाधारको माग गरेको नेकपा माओवादी केन्द्र थाहा नगरका सचिव लक्ष्मण विष्टले बताए ।

# संघ र प्रदेशका उमेद्वारले गरे मतदान

◆ विकास संवाददाता

मकवानपुर प्रतिनिधि सभा क्षेत्र नम्वर-२ (ख) मा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ईन्द्रबहादुर बानियाँले मतदान गरेका छन् ।


नेपाली कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका बानियाँले आइतबार विहान हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१८ को कमला आधारभूत विद्यालयस्थित मतदान केन्द्रमा पुगी मतदान गरेका हुन् ।
बानियाँ क्षेत्र नम्वर-२ का उम्मेदवार भएपनि मतदान भने क्षेत्र नम्वर-१ मा गरेका हुन् ।

यसैगरी नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर-२ प्रदेश सभा (ख) सदस्य पदका उम्मेद्बार लाल बहादुर थापाले राक्सिरङ्ग गाउँपालिका वडा नम्बर३ सुर्यदय माबि पलासेको मतदान केन्द्रबाट गरे मतदान गरेका छन् । उनले सबै मतदाताहरूलाई समय अवधिभरमा मतदान गर्न पनि आग्रह गर`का छन् । यसैबीच मकवानपुर क्षेत्र नम्बर-२ मा नेकपा एमालेका तर्फबाट



उम्मेदवार तथा एमाले बागमती प्रदेशका उपसचिब महेश कुमार बर्तौलाले पनि मतदान गरेका छन् । एमालेको तर्फबाट प्रतिनिधि सभा सदस्य उम्मेदवार बर्तौलाले भिमफेदी गाउँपालिका वडा नम्बर-९, बाघमारा बाख्रा फार्म मतदान केन्द्रबाट मतदान गरेका हुन् ।

४ मंसिर बिहान साढे १० बजे उनले मतदान गरेका हुन् । सबै मतदाताहरूलाई आफ्नो मत अधिकारको प्रयोग गर्न उनले आग्रह गरेका छन् । मकवानपुर जिल्लाका दश वटै स्थानीय तह र क्षेत्र नम्बर २ का मताधिकार रहेका सबै नागरिकले मतदान गर्नका लागि बतौलाले आग्रह गरेका छन् ।



# फोहर फाल्ने ठाउँमा भेटियो सालनाल सहितको शिशु

◆ विकास संवाददाता

हेटौडा उपमहानगरपालिकाले फोहोर जम्मा गरि फाल्ने स्थानमा बोराभित्र प्याक गरिएको अवस्थामा सालनाल सहितको मृत शिशु फेला परेका छन् ।

ना ४ त २६९८ नम्बरको ट्याक्टरले हेटौंडाको विभिन्न स्थानहरूबाट जम्मा गरि ल्याएको फोहरमा मृतक शिशु फेला परेको प्रहरीले जनाएको छ । हेटौंडा–१० राप्ति खोला छेउमा कुहिने फोहर र नकुहिने फोहर छुट्याउने क्रममा आज बिहान ८ बजेको समयमा नगरपालिकाको कर्मचारीले बोरा भित्र प्याक गरिएको अवस्थामा शिशुको शव भेटाएपछि प्रहरीलाई खबर गरेका थिए ।



शिशुको शबलाई हेटौंडा अस्पतालमा पोष्टमार्टमका लागि राखिएको प्रहरीले जनाएको छ । घटनाको सम्बन्धमा अनुसन्धान भैरहेको प्रहरी नायब उपरिक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

# हेटौंडा र मकवानपुरगढीमा बाघ र चितुवाबाट स्थानीय त्रसित

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर–१ को भैरवडाँडा, चौकिटोल, चाइनाक्वाटर लगायतका क्षेत्रमा पाटेबाघ र मकवानपुरगढीको आमभन्ज्याङ क्षेत्रमा चितुवा आतंकले स्थानीय वासिन्दाहरू त्रसीत भएका छन् । हेटौंडा क्षेत्रमा बाघले खोरका बाख्रा समेत खाएको र वन कार्यालयले राखेको क्यामेरामा समेत बाघ देखिएको छ ।

यता मकवानपुरगढी ५ आमभन्ज्याङ क्षेत्रमा स्थानीयहरूले बाघ भनेपनि चितुवाको आतंक बढेको डिभिजन वन कार्यालय हेटौंडाले जनाएको छ । बाघ आतंकले रातीको समयमा सुत्न समेत नपाएको र स्थानीय वासिन्दाहरू त्रसीत भएको हेटौंडा उपमहानगरपालिकाकी कार्यपालिका सदस्य इश्वरी रसाइलीले वताइन् ।

विशेषत मकवानपुर जिल्ला बन्यजन्तु बाघको उपयुक्त बासस्थान त होइन् । तर, जिल्लामा पछिल्लो १५ दिनदेखि बाघले आतंक मच्चाइरहेको छ । बाघले हेटौंडा उपमहानगरपालिका र मकवानपुर गढी गाउँपालिकामा स्थानीयको पशुचौपायामाथि आतंक मच्चाएको हो । मकवानपुरका पछिल्ला दुई हप्तामा बाघले एक गाईको बाच्छो र आठ बाख्रा मारेको डिभिजन वन कार्यालय राप्ती, मनहरीका अधिकृत विष्णु प्रसाद आचार्यले जानकारी दिएका छन् । गत १३ कात्तिकमा हेटौंडा उपमहानगरपालिका वडा नं. १ भैरवडाँडा एक/एक वटा खशि र गाईको बाच्छा मारेको थियो । त्यसपछि कार्तिक २६ गते राति मकवानपुरगढी गाउँपालिका वडा नं ६ मा ७ वटा बाख्रा र खसी मारेको हो ।

१३ कात्तिक आइतबार हेटौंडा उपमहानगरपालिका वडा नं. १ भैरवडाँडा



फोटोः गुगलबाट

एक/एक वटा खशि र गाईको बाच्छा मारेको थियो । त्यसपछि कार्तिक २६ गते राति मकवानपुरगढी गाउँपालिका वडा नं. ६ हेलिग्रामा स्थानीय गोपाल विश्वकर्माको ७ वटा खशिबाख्रा मारेको हो । हेटौंडाको भैरवडाँडा र मकवानपुर गढी–६ दुरी करिब १० किलोमिटर छ । आफ्नो शिकारको खोजीमा भैरवडाँडामै आएको बाघ मकवानपुरगढीमा पुगेको हुन सक्ने स्थानीयहरूको अनुमान छ । मकवानपुरगढीमा यसअघि पनि बाघले बाख्रा खाएको समाचार नआएको भने होइन ।

यति ठुलो संख्यामा क्षति पहिलो पटक भएको मकवानपुरगढी गाउँपालिका वडा नं. ६ का वडाअध्यक्ष कृष्ण बजागाईंले बताए । क्षतिपुर्तिको लागि जिल्ला वन कार्यालयमा माग गरिएको उनले बताए । बाघले एकपछि आर्के स्थानमा पशुचौपाया मार्न थालेपछि मकवानवपुरका स्थानीयहरू त्रसित बनेका छन् । बाघको कारण स्थानीयहरू एक्लादुग्लै हिड्डुल गर्न, पानी पँधेरो, घरायसी काम दाउरा, घाँस, सोत्तर लगायतका काम गर्न समेत डराउनु पर्ने स्थिति रहेको स्थानीय रामचन्द्र रेग्मी बताउँछन् । हेटौंडा उपमहानगर होस् या मकवानपुरगढी, जिल्लाभर बाँघलाई चाहिने आहारा सहितको उपयुक्त बासस्थान छैन । आहार ाको लागि पशुचौपाया खाने बाघले मान्छेलाई पनि आक्रमण गर्न सक्ने भएकोले स्थानीय त्रसित बनेका हुन् ।

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## जाडोको समयमा चिसोबाट बचौं !

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी